बालविकास केन्द्रको व्यवस्थापन - छत्रपति दाहाल - शैक्षिक योजना तथा व्यवस्थापन विभाग - २०७२ चैत्र

# बालविकास केन्द्रको व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा
व्यवस्थापन विभाग स्नातकोत्तर तह एम. एड. द्वितीय
वर्षको आंशिक आवश्यकता पूरागर्नका
लागि तयार पारिएको

## शोधपत्र

शोधकर्ता
छत्रपति दाहाल
परीक्षा रोल नं. :- २१४००३१ / २०६५
त्रि.वि.दर्ता नं. ९-२-२१४-६६६-९९
शैक्षिक सत्र २०६३/०६४

सुकुना बहुमुखी क्याम्पस
कोसीहरैँचा, मोरङ
२०७२ चैत्र

# कृतज्ञताज्ञापन

सर्वप्रथम मेरो शोधपत्र लेखनको क्रममा आफ्नो व्यस्त समयका बावजुद पनि सहज र सरल ढङ्गले अमुल्य सुझाव, सल्लाह, प्रेरणा एवम् कुशल निर्देशन दिई सद्भावपूर्ण सहयोग गर्नुहुने मेरा आदरणीय गुरु शोध निर्देशक श्री गणेशप्रसाद दाहालप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै यो शोधपत्र लेखनका क्रममा आवश्यक सुझाव, सल्लाह र हौसला प्रदान गर्नुहुने शिक्षा विभागका विभागीय प्रमुख तथा सङ्काय प्रमुख श्री लक्ष्मिकुमार श्रेष्ठप्रति कृतज्ञ छु । श्रद्धेय गुरु श्री केशब भट्टराई लगायतका सम्पूर्ण गुरुहरूप्रति पनि म आभार व्यक्त गर्दछु ।

तथ्याङ्क सङ्कलनका क्रममा आवश्यक सूचना प्रदान गर्नुहुने मोरङ जिल्लाका नमुना छनोटमा परेका सहयोगी कार्यकता, प्र.अ., स्रोत व्यक्ति, अभिभावकहरूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । मेरो शोधपत्र लेखनमा आवश्यक सहयोग गर्ने मेरी जीवनसाथी करुणा भट्टराई पनि धन्यवादकी पात्र छिन् ।

अन्त्यमा शोधपत्रलाई समयमा नै शुद्धाशुद्धिका साथ टाइप गरी सहयोग गर्नुहुने कृष्ण न्यौपाने र प्रमेश घिमिरेलाई पनि धन्यवाद दिन चाहन्छु ।

छत्रपति दाहाल

मिति : २०७२।११।०२

# शोधसार

यस शोध अध्ययनको शीर्षक **बाल विकासको व्यवस्थापन** रहेको छ, जसको प्रमुख उद्देश्य सामुदायिक विद्यालयका बाल विकास केन्द्रहरूको व्यवस्थापकीय अवस्थाको पहिचान गरि व्यवस्थापकीय क्षेत्रमा देखिएका समस्या र समाधानका उपायहरु समेत सुझ्याउनु यस अनुसन्धानको प्रमुख उद्देश्य हो । यस अनुसन्धानमा बाल विकास केन्द्रको भौतिक, आर्थिक र शैक्षिक अवस्थाको पहिचान गरि तःत् अवस्थाको व्यवस्थापनमा देखिएको समस्याहरुलाई पहिचान गर्ने र समाधानका लागि उपायहरु सुझ्याइएको छ ।

यस अध्ययनको लागि गुणात्मक र परिमाणात्मक ढाँचालाई आधार बनाइएको छ । यसका लागि मोरङ जिल्लाको बेलबारी नगरपालीका र केराबारी गा.वि.स अन्तर्गत ५ ओटा विद्यालयका बालबिकास केन्द्र र त्यसै बालबिकास केन्द्रका अध्ययनको जनसङ्ख्या तथा नमुना छनौटका लागि प्र.अ. अभिभावक, सहयोगी कार्यकर्ताहरुलाई सुविधाजनक तथा उद्देश्य मुलक बिधिको आधारमा छनौट गरिएको छ । यो अनुसन्धान कार्य सम्पन्न गर्न नमुना छनौट गरेका विद्यालयहरुका बालबिकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ता, विद्यालय प्र.अ., स्रोत व्याक्ति तथा स्थानिय अभिभावक बिच अन्र्तरवार्ता, प्रश्नावली, प्रत्यक्ष अवलोकन, अभिलेख अध्ययन तथा सर्वेक्षण फारम प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

अध्ययनका लागि नमुना छनोटमा परेका पाँचवटै सामुदायिक विद्यालयमा सञ्चालित बालिविकास केन्द्रहरूमा बालबालिकाहरूको भर्नादर सन्तोषजनक देखिएपनि धैरै संख्यामा बालबालिकाहरू अनुपस्थित भइरहने समस्या रहेको छ । यस अर्थमा कार्यक्रमले बालबालिकाहरूलाई आकर्षित गर्न सकेको देखिदैन भने अभिभावकहरूमा जिम्मेवारी तथा दायित्वको कमी रहेको बुझिन्छ । सबै बालविकास केन्द्रहरूमा अधिकांश समय पढाइ र लेखाइ मै लगाउने र सबै पक्षको विकासमा खासै ध्यान नदिनुको कारण एकजना मात्र सहयोगी कार्यकर्ता हुनु, तालिम अवधि ज्यादै कम हुनु, बालबालिकाहरूको उमेर अन्तर हुनु, खेल मैदानको अभाव तथा नियमित अनुगमन र पृष्ठपोषण नहुनु आदि रहेको छ । प्राय सबै अभिभावकहरू ज्याला मजदुरी गर्नेहरू भएकोले नै बालबालिकाहरूको सर-सफाइ तथा उनीहरूको पठन-पाठनमा ध्यान दिन नसकेको हो । विद्यालयमा शिक्षक, पदाधिकारी तथा आयस्रोत राम्रो भएकाहरूका छोराछोरी नहुनुले कार्यक्रम पिछडिएका विपन्न वर्गका लागि मात्र हो कि भन्ने भान हुन्छ भने कार्यक्रमको बजेट निकै कम रहेको छ त्यसैले सबै सहयोगी कार्यकर्ताहरूको ज्यादै न्यून पारिश्रमिक, अपर्याप्त शैक्षिक सामाग्री, कमजोर

भौतिक पूर्वाधार रहेको छ । न्यून सरकारी बजेट, कुनै नियमीत आम्दानीको स्रोत नभएको कारणले कार्यक्रम गुणस्तरयुक्त हुन नसकेको हो । विद्यालयहरूले वार्षिकरूपमा एकपटक केही शुल्क उठाए पनि उक्त रकम प्रायः शून्य छ । यसमा सरकारले नै पूर्ण स्वामित्वमा लिई आवश्यक अनुगमन गर्नुपर्ने देखिन्छ भने आम्दानीको वैकल्पिक स्रोत खोज्नुपर्ने देखिन्छ । विद्यालयले समुदाय र अभिभावक वर्गको उपस्थिति गराउन सकेको छैन र कार्यक्रमबारे समुदायको चासो शून्य प्रायः छ । प्रचार-प्रसारको अभाव हुनु, अभिभावक शिक्षा नदिइनु जस्ता कारणले अभिभावक एवम् समुदायसँग सामुदायिक विद्यालयका बाल विकास केन्द्रको सम्वन्ध राम्रो नभएको हो । प्रारम्भिक बाल विकास कार्यक्रमको पाठ्यक्रम भएपनि सो अनुरूप पालना नहुदा कार्यक्रमको लक्ष्य एकातिर सिकाइ उपलब्धि अर्कैतिर भएको छ । यसमा अनुगमनको कमी, अभिभावकको बेवास्ता, सहयोगी कार्यकर्ताको असक्षमता आदि कारक तत्त्व हुन् । त्यस्तै सहयोगी कार्यकर्ताको तालिम ज्यादै छोटो अवधिको हुनु, पुनर्ताजगी तालिम नहुनु तथा सहयोगी कार्यकर्ताको योग्यता कमी हुनु, माथिल्लो योग्यता भएकाहरू पनि शिक्षाशास्त्र, मनोविज्ञानभन्दा भिन्नै विषय, विभिन्न तहका भएकोले शिक्षण विधि र मूल्याङ्कन विधिमा परम्परागत लेखाइ र पढाइ मात्र भएको हो भने कार्यक्रमको लागि बजेट अनि पाठ्यक्रमको व्यवस्था भएपनि प्रभावकारी व्यवस्थापनकै अभावमा कार्यक्रमले जनसमुदायलाई आकर्षित हुन सकेको छैन ।

बालबिकास केन्द्र सुधारका लागि तालिम पर्याप्त र प्रभावकारी बनाउनु पर्ने, आयस्रोत बढाउने बैकल्पिक मार्गहरु अवलम्बन गर्नुपर्ने, कार्यक्रमलाई आर्थिक र प्राविधिकरूपमा बलियो बनाउन सरकारले दायित्वमा लिनु पर्ने, समुदाय र दातृ निकायलाई आकर्शित गर्नुपर्ने र बालबिकास केन्द्रको बारेमा प्रचार-प्रसार गरि आर्कषित गर्नुपर्ने सुझाबका रुपमा रहेका छन् ।

# विषयसूची

## परिच्छेद एक : परिचय


| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ७ |
| १.३ अध्ययनका उद्देश्यहरू | ८ |
| १.४ अनुसन्धानात्मक प्रश्नहरू | ८ |
| १.५ अध्ययनको औचित्य | ८ |
| १.६ अध्ययनका परिसीमाहरू | ९ |
| १.७ परिभाषित शब्दहरू | ९ |
| **परिच्छेद दुई :सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्म ढाचा** | |
| २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन | १० |
| २.२ सम्बन्धित साहित्यको पुनरावलोकन | ११ |
| २.३ पुनरावलोकन उपादेयता | १४ |
| २.४ अवधारणात्मक ढाँचा | १६ |
| **परिच्छेद तीनः अध्ययन विधि** | |
| ३.१ अनुसन्धान ढाँचा र विधि | १७ |
| ३.२ अध्ययनको जनसङ्ख्या, नमुना र नमुना छनोट रणनीति | १७ |
| ३.३ अध्ययनको क्षेत्र | १८ |
| ३.४ अनुसन्धानका साधन र तरिका | १८ |
| ३.४.१ प्रश्नावली | १८ |
| ३.४.२ अन्तर्वार्ता अनुसूची | १८ |
| ३.४.३ अवलोकन फारम | १८ |
| ३.४.४ अभिलेख अध्ययन तथा सर्वेक्षण | १८ |
| ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया | १९ |
| ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया | १९ |
| **परिच्छेद चार : तथ्याङ्कको विश्लेषण तथा व्याख्या** | |
| ४.१ बालविकास केन्द्र र सामुदायिक विद्यालयहरूमा यसको व्यवस्थापनको वर्तमान स्थिति | २० |
| ४.१.१ बालविकास केन्द्रको भौतिक अवस्था | २० |

४.१.२ बालविकास केन्द्रको आर्थिक अवस्था २३
४.१.३ बालविकास केन्द्रको शैक्षिक अवस्था २५
४.२ सामुदायिक विद्यालयहरूमा बालविकास केन्द्र व्यवस्थापनमा देखिएका समस्याहरू २८
४.२.१ बालविकास केन्द्रका भौतिक समस्याहरू २८
४.२.२ बालविकास केन्द्रका आर्थिक समस्याहरू २९
४.२.३ बालविकास केन्द्रका शैक्षिक समस्याहरू ३१
४.३ बालविकास केन्द्र व्यवस्थापनमा देखिएका समस्या समाधानका उपायहरू ३३
४.३.१ बालविकास केन्द्रका भौतिक समस्या समाधानका उपायहरू ३३
४.३.२ बालविकास केन्द्रका आर्थिक समस्या समाधानका उपायहरू ३४
४.३.३ बालविकास केन्द्रका शैक्षिक समस्या समाधानका उपायहरू ३५
४.४ प्राप्ति र सारंश ३७

## परिच्छेद पाँच : निष्कर्ष र सुझाव

५.१ निष्कर्ष ४०
५.२ सुझाव ४१
५.२.१ नीतिगत तह ४२
५.२.२ अभ्यास तह ४३
५.२.३ अनुसन्धान तह ४३
सन्दर्भ सामग्रीहरू
अनुसूचीहरू

## तालिकाहरूको सूची

तालिका १ : सामुदायिक विद्यालयहरूमा बालविकास केन्द्रको भौतिक अवस्था
२१
तालिका २ : अध्ययनका लागि छनोट गरिएका बाल विकास केन्द्रका बालबालिका विवरण
२२
तालिका ३ : सामुदायिक विद्यालयहरूमा बालविकास केन्द्रको बजेट विवरण
२३
तालिका ४ : बालबालिका शुल्क तथा सहयोगी कार्यकर्ताको पारिश्रमिक विवरण
२४
तालिका ५ : बालविकास केन्द्रका स.का.कर्ताको शैक्षिक योग्यता तथा तालिमको विवरण
२६

# शब्दावली

| | | |
|---|---|---|
| के.जी. | - | किन्डर गार्टन |
| स.रा.शि.स. | - | सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति |
| ने.बा.स | - | नेपाल बाल सङ्गठन |
| उ.रा.शि.आ. | - | उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग |
| युनिसेफ | - | संयुक्त राष्ट्रसंघिय अन्तराष्ट्रिय बाल कोष |
| एस.ओ.एस. | - | सेभ आवर सोल |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| जि.शि.अ. | - | जिल्ला शिक्षा अधिकारी |
| वि.क्षे.सु.यो. | - | विद्यालय क्षेत्र सुधार योजना |
| प्रा.बा.शि.वि. | - | प्रारम्भिक बाल्यावस्था शिक्षा विकास |
| शि.वि. | - | शिक्षा विभाग |
| पा.वि.के. | - | पाठ्यक्रम विकास केन्द्र |
| वि.सं. | - | विक्रम सम्वत |
| प्र.अ. | - | प्रधानाध्यापक |
| स.का. | - | सहयोगी कार्यकर्ता |
| जि.शि.का. | - | जिल्ला शिक्षा कार्यालय |